आज मिति २०७९ साल असार महिनाको २९ गते बुधबारको दिन दिउसो २:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा स्थानीय तह निर्वाचन, २०७९ पश्चात्को चौथो कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री प्रचण्ड मान सिहँ बस्नेत (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शैलेश मान मानन्धर (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री महेश तामाङ (का.बा.वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री योश कुमार वाईबा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री इश्वरी खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री भानु विश्वकर्मा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री प्रकाश विसुंखे | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री विद्यालक्ष्मी श्रेष्ठ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी पौड्याल | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री सुमित्रा विष्ट के.सी. | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री सुरेश बस्याल | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री भोला प्रसाद चापागाई | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (यो.अ.तथा प्रशासकीय अधिकृत)
२. श्री गणेश गुरुङ (लेखा अधिकृत)
३. श्री ननिता खत्री (कानुनी सहजकर्ता)

मिति २०७९/३/२८ गते नगर प्रमुखज्यूबाट मिति २०७९/३/२९ गते स्थानीय तह निर्वाचन, २०७९ पश्चात्को नगर कार्यपालिकाको चौथो कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

<table>
<tr><th>सि.नं.</th><th>विषय</th><th>निर्णय भएको व्यहोरा</th></tr>
<tr><td>१.</td><td>विपद् (वडा नं.७) व्यवस्थापन सम्बन्धमा ।</td><td>• मिति २०७९/०३/२४ गते दिउँसो २:०० बजे देखि २०७९/०३/२५ गतेसम्म लगातार क्रमशः वडा नं.७ को युटिकीमा श्री दिपक रिमालको घरदेखी कृष्ण मन्दिरको तल्लो भाग (भम्बु) बाट उत्तरतर्फ लगातार जमिन बगिरहेको हुदाँ उक्त पहिरोबाट कृषकहरुको जमिन क्षति भएको सम्बन्धमा प्राविधिक प्रतिवेदन र वडाको सिफारिस अनुसार उचित क्षतिपूर्तिको लागि जिल्ला विपद् व्यवस्थापन समिति तथा अन्य सम्बन्धित निकायमा लेखि पठाउने ।</td></tr>
<tr><td>२.</td><td>नगर अधिवेशनको दोस्रो बैठक सम्बन्धमा ।</td><td>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा (४) बमोजिम बैठक बसी मिति २०७९/०३/३० गते बस्ने नगर सभाको नवौं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम स्वीकृतिका लागि पेश गर्ने ।</td></tr>
<tr><td>३.</td><td>कर्मचारीको तह वृद्धि सम्बन्धमा ।</td><td>• बागमती प्रदेशको स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ३० बमोजिम सेवा अवधि, कार्यसम्पादन तथा शैक्षिक योग्यताको मूल्याङ्कनको आधारमा तह वृद्धि हुने निम्न बमोजिमका कर्मचारीहरुको तह वृद्धि गर्ने ।
<table>
<tr><th>कर्मचारीको साविकको तह</th><th>कर्मचारीको कायम हुने तह</th></tr>
<tr><td>नामः दिपक कुमार के.सी.<br>सेवाः नेपाल प्रशासन<br>समुहः सामान्य प्रशासन<br>पदः अधिकृत सातौं<br>तहः अधिकृतस्तर सातौं</td><td>नामः दिपक कुमार के.सी.<br>सेवाः स्थानीय प्रशासन<br>समुहः सामान्य प्रशासन<br>पदः वरिष्ठ शाखा अधिकृत<br>तहः अधिकृतस्तर आठौं</td></tr>
<tr><td>नामः गणेश गुरुङ<br>सेवाः नेपाल प्रशासन<br>समुहः लेखा<br>पदः लेखा अधिकृत<br>तहः अधिकृतस्तर सातौं</td><td>नामः गणेश गुरुङ<br>सेवाः स्थानीय प्रशासन<br>समुहः लेखा<br>पदः वरिष्ठ लेखा अधिकृत<br>तहः अधिकृतस्तर आठौं</td></tr>
</table></td></tr>
<tr><td>४.</td><td>लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति सम्बन्धमा ।</td><td>• बागमती प्रदेश सरकारको प्राविधिक सहयोगमा तयार भएको यस दक्षिणकाली नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको मस्यौदा स्वीकृतिको लागि नगर सभामा पेश गर्ने ।</td></tr>
<tr><td>५.</td><td>सम्पत्ति कर व्यवस्थापन कार्यविधि सम्बन्धमा ।</td><td>• नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा ५५ बमोजिम नगरपालिका क्षेत्रभित्रिका घर र घरजग्गामा सम्पत्ति कर लगाउने कार्यलाई व्यवस्थित गर्न र करयोग्य सम्पत्तिको पहिचान, विवरण सङ्कलन, मूल्याङ्कन, कर निर्धारण र कर असूली जस्ता विषयलाई स्पष्ट र पारदर्शी तुल्याउनको लागि तयार</td></tr>
</table>

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | भई पेश हुन आएको **"सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७९"** को मस्यौदा स्वीकृतिको लागि नगर सभामा पेश गर्ने । |
| ६. | विविध । | • यस कार्यालयको मिति २०७९/०३/२२ गतेको निर्णयबाट अर्गानिक बायो फर्टिलाईजर कम्पनी लि.बाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) बमोजिम २९४०० के.जी.मल खरिद भएकोलाई अनुमोदन गर्ने । |

भोला प्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत